## सन्दर्भः विनाशकारी भूकम्प २०७२

# सिविन-नेपालद्वारा सञ्चालित आपत्कालिन सहयोग र पुर्नस्थापना सम्बन्धी प्रयास र प्रभाव

**१२ बैशाख – १३ असोज २०१५**

२०७२ साल वैशाख १२ र २९ गते गएको विनासकारी भूकम्पबाट मध्य नेपालका १४ जिल्लाहरू क्रमशः काठमाण्डौं, भक्तपुर, ललितपुर, धादिङ्, दोलखा, गोरखा, कास्की, काभ्रे, मकवानपुर, नुवाकोट, रामेछाप, रसुवा, सिन्धुली, र सिन्धुपाल्चोक प्रभावित भए । यसबाट धनजनको ठूलो क्षति भयो । भूकम्पबाट प्रभावित बनेकाहरूमध्ये पनि महिला र बालबालिका थप प्रभावित हुन पुगे । एकाएक परेको दैवी विपत्तिबाट जनसमुदायलाई राहत दिनका लागि सरकारमात्र होइन सामाजिक संघसंस्थाहरू पनि उत्तिकै क्रियाशील बने । यसक्रममा सिविनले भूकम्पपछिको पाँच महिनामा आफ्नो आपत्कालिन राहत तथा पुनर्स्थापन कार्यक्रम अन्तरगत सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूबाट भूकम्प प्रभावित क्षेत्रका ३० हजारभन्दा बढी परिवारका १ लाख ५० हजारभन्दा बढी मानिसहरू लाभान्वित भएका छन् । राहत स्वरूप वितरण गरिएका सामग्रीहरूमा खाद्य सामग्रीका अतिरिक्त, त्रिपाल, औषधी, बालबालिका निम्ति विशेष सहयोग (प्याक), शैक्षिक तथा खेलकुद सामग्री आदि रहेका थिए । यसक्रममा बालबालिकाका लागि विशेषरूपमा तयार पारिएका बाकस र खेलकुद सामाग्री ६५ हजार भन्दाबढी बालबालिकाकालाई प्रत्यक्ष वितरण वितरण गरिएको थियो ।




## सम्मानपूर्वक सहयोग/राहत

सिविनले ३० हजार परिवारका १ लाख ५० हजार मानिसहरूका लागि वितरण गरेको परिवार बाकसमा चामल, दाल, खाने तेल, चिनी, चाउचाउ, चिउरा जस्ता खाद्य सामग्रीका अतिरिक्त साबुन, पानी शुद्धिकरण गर्ने औषधी र केही सृजनात्मक सामग्री राखिएका थिए । यसैगरी विशेषरूपमा भूकम्प प्रभावित ११ जिल्लाहरूका ६५ हजार बालबालिकालाई वितरण गरिएको सामग्री बाकसमा खेलौना, शिक्षण सामाग्री, कलर पेन्सील, पजल, विस्कुट, दन्त मन्जन, दाँत माझ्ने ब्रुश, पाउडर, नैनी (नङकट) र बालहेल्पलाईनको बालसंरक्षण सम्बन्धी सूचना जस्ता सामग्रीहरू राखिएका थिए । भूकम्प गएपछिको शुरूको अवस्थामा सिविनद्वारा १० हजार परिवारलाई त्रिपाल, म्याट्रेस, कम्वल वितरण गरिएको थियो । सिविन तथा

टुकीसंघद्वारा दोलखा जिल्ला र सिविनद्वारा धादिङ्ग जिल्लामा करिव ४ हजार परिवारका लागि अस्थाई सुरक्षित बासस्थानको निर्माणमा मद्दत पुऱ्याईएको छ । सम्मानपूर्वक सञ्चालन गरिएका यसप्रकारका गतिविधिबाट यति ठूलो संख्यामा बालबालिका, महिला तथा अन्य जनसमुदाय लाभान्वित हुनु आफैंमा महत्वपूर्ण उपलब्धी हो ।

## स्वास्थ्य सेवा
## (स्वास्थ्य जाँच र औषधी वितरण)

सिविनद्वारा नेपाल पेडियाट्रिक सोसाइटी (नेपास) को नेपाली विज्ञ डाक्टरहरूका साथै संयुक्त राज्य अमेरीका र जर्मनीका स्वयम् सेवक चिकित्सक हरूको सहकार्यमा ११ जिल्लाका १८ हजार ७ सय बालबालिका तथा अन्य जनसमुदायका लागि ५२ वटा स्वास्थ्य शिविरहरू सञ्चालन गरिएका थिए । यसक्रममा स्वास्थ्य शिविरमा पहिचान भएका गम्भीर प्रकृतिका विरामी बालबालिकाको थप उपचार तथा शल्यक्रियाका लागि थप व्यवस्था मिलाइएको थियो । यसैगरी कान्ति बाल अस्पतालको स्तरोन्नतिकालागि जेनेरेटर, पानी ट्याङकी, औषधी, कपडा जस्ता अत्यावश्यक सामग्री उपलब्ध गराउनुका साथै अस्पतालमा भर्ना भएका घाईते बालबालिकाको लागि कम्वल, खाना, खेलौना, शैक्षिक सामाग्री जस्ता सामानहरू उपलब्ध गराइएको थियो । यसैक्रममा दोलखा जिल्लाका ८ उत्तरी गा.वि.स.हरूका विभिन्न विद्यालयहरूका लागि पानी सुद्धीकरण प्रविधि र जर्किनहरू वितरण गरिएको थियो ।



## मनोसामाजिक परामर्श सहयोग

भूकम्पबाट भौतिक रूपमा मात्र होइन मानसिक रूपमा पनि मानिसहरू प्रभावित भएका थिए । बालबालिका तथा वयस्कहरूमा परेको मनोसामाजिक समस्या समाधानका लागि प्राथमिक उपचार तथा परामर्श सेवाका अतिरिक्त जनचेतना अभिवृद्धिका क्रियाकलापहरू पनि सञ्चालन गरिएका थिए । यसक्रममा सिविन नेपालले नेपाल पेडियाड्रिक सोसाइटी (नेपास) र स्वास्थ्य मन्त्रालय अर्न्तगतको बालस्वास्थ्य विभागसँगको सहकार्यमा बालबालिकाको मनोसामाजिक हितसम्बन्धी जनचेतनामूलक पर्चा प्रकाशन गरी २ लाख ५० हजार प्रति वितरण गरिएको थियो । यसैगरी सिविन–नेपालद्वारा नेपाल मनोविज्ञान संस्थासंगको सहकार्यमा मानसिक आघात भोगिरहेका बालबालिकालाई मनोसामाजिक सेवा पुऱ्याउनका लागि विभिन्न अस्पताल तथा अस्थाई शिविरहरूमा घुम्ति परामर्ष शिविर स्थापना गरी सेवा पुऱ्याइएको थियो । यस अवधिमा सिविनले १०० जना सामाजिक कार्यकर्ता र मनोसामाजिक परामर्शदातालाई मनोसामाजिक प्राथामिक उपचार तालिम प्रदान गरी उपत्यका भित्र र बाहिरका नुवाकोट, दोलखा, कास्की, मकवानपुर, सिन्धुपाल्चोक लगायतका जिल्लाहरूमा परिचालन गरेको थियो । सिविनको नियमित कार्यक्रमका रूपमा सिविन बालहेल्पलाईनले १०९८ मार्फत बालबालिका तथा किशोरकिशोरीहरूलाई निरन्तर रूपमा प्रत्यक्ष वा टेलिफोनद्वारा परामर्श सेवा उपलब्ध गराउँदै आएको छ ।

यसै क्रममा सिविनले कान्ति बाल अस्पताल तथा नर्वेजियन साईकियाट्रिक एशोसियशनको सहकार्यमा नेपालमा पहिलो पल्ट कान्ति बाल अस्पतालमा बाल तथा किशोर किशोरी मानसिक स्वास्थ्य बहिरंग बिभाग सञ्चालनमा ल्याएको छ ।

## बाल संरक्षण

भूकम्प पछिको पाँच महिनाको अवधिमा भूकम्प प्रभावित ५ हजार ८ सय बालबालिकाहरूलाई प्रत्यक्ष रूपमा सिविनद्वारा सञ्चालित बालहेल्पलाईन मार्फत विभिन्न आकस्मिक तथा मानवीय सहयोग पुऱ्याइएको थियो । सो

अवधिमा सिविन बालहेल्पलाईनको हटलाइन नम्बर १०९८ मा १८ हजार भन्दा बढी फोनकलहरू आएका थिए । बालहेल्पलाईनले भूकम्पका कारण आन्तरिक विस्तापनमा परी काठमाडौंका विभिन्न स्थानमा आ-आफ्नो परिवार वा आफन्तसँग बसोबास गरिरहेका बालबालिकाको अवस्था पत्ता लगाउन काममा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । ती बालबालिकाको अवस्था हेरी बाल हेल्पलाईनले शैक्षिक सहयोग तथा आपत्कालिन सहयोग लगायत अन्य आवश्यक सहयोग पनि उपलब्ध गराएको थियो । यसैगरी भूकम्पपछिको संक्रमणकालिन अवस्थामा शंकास्पद व्यक्तिहरूद्वारा गाउँघरबाट ललाईफकाई वा प्रलोभनमा पारी काठमाडौं ल्याइएका बालबालिकाको उद्दार तथा उनीहरूको परिवारमा पुनर्स्थापनाका लागि हेल्पलाइनको सक्रियता रहेको थियो ।

भूकम्प पछिको अवस्थामा बाल संरक्षणको विषय प्राथमिकतामा परेको सन्दर्भमा सिविन नेपालले बाल संरक्षण एवम् बालबालिकाको बेचविखन रोक्नका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयसँग समन्वय गरिरहेको छ । यसक्रममा काठमाडौं, मकवानपुर, कास्की, मोरङ्ग, बाँके, र कैलालीमा सञ्चालनमा रहेका बाल संरक्षण डेस्कका अतिरिक्त प्रभावित जिल्लाहरू दोलखा, काभ्रे र सिन्धुपाल्चोकमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई दुर्व्यवहार र शोषणबाट संरक्षण गर्नका लागि विशेष जिल्ला बाल संरक्षण डेस्क सञ्चालन गरिएका छन् । सिविनद्वारा काठमाडौ नयाँ बसपार्कमा सञ्चालित बालसम्पर्क केन्द्रलाई बालबालिकाको ओसारपसार तथा असुरक्षित बसाइसराई रोकथामका लागि परिचालित गरिएको छ ।

यसरी सञ्चालनमा ल्याइएका बाल संरक्षण डेस्कहरूले भूकम्प पश्चात पनि निरन्तर सेवा प्रदान गरिरहेका छन् ।

## बालमैत्री स्थल र अस्थाई सिकाई केन्द्र

सिविनले कीर्तिपुर, काठमाण्डौं र दोलखामा गरी ७२ वटा बालमैत्री स्थल र बाल संरक्षण डेस्क सञ्चालन गरिरहेको छ । यसैगरी विभिन्न संस्थाहरूसँगको साझेदारीमा दोलखा, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रे, धादिङ तथा काठमाण्डौका विभिन्न विद्यालयहरूमा १ सय ६५ वटा अस्थाई सिकाई केन्द्रहरू निर्माण सम्पन्न गरिएका छन् । निर्माण गरिएका अस्थाई सिकाई केन्द्रहरूलाई अझ बाल मैत्री बनाउनकालागि सिविनद्वारा ६ सय १० बाकस खेलकुद सामग्री र विद्यालय सामग्री वितरण गरिसकेको छ ।

## विपद सञ्जाल र सहकार्य

विपद व्यवस्थापनमा सघाउने सामुहिक प्रयासका लागि सिविनले १४ वटा संस्थाहरू सम्मेलित एउटा अनौपचारिक सञ्जाल निर्माणका लागि अगुवाई गरेको थियो । "नेपाल प्रकोप स्वयम्सेवक सहकार्य सञ्जाल" (Nepal Disaster Volunteer Coordination Network) नाम दिइएको यस सञ्जाललाई भूकम्प पछि ताप्लेजुङ्ग जिल्लामा गएको बाढी-पहिरो पीडित परिवार तथा व्यक्तिहरूलाई राहत





पुऱ्याउने कार्यमा परिचालन गरिएको थियो । उक्त सञ्जालले भूकम्प पछि सिविनमा निस्वार्थ भएर बालबालिका तथा परिवारसम्म सहयोग सामग्री पुऱ्याउने काम गरिरहेका ११२०० भन्दा बढी युवा स्वयम्सेवकहरूलाई परिचालन गर्ने गरेको छ ।

## सहयात्री एवम् सहयोगीहरु

सिविन नेपालले सम्पादन गरेको व्यापक राहत तथा पुनर्स्थापनाको कार्यक्रम अन्तराष्ट्रिय सहकर्मी एवम् सहयात्री संस्थाहरू फोरूट-नर्वे लगायत सिनि-इन्डिया, प्लान नेपाल, नेपाल स्थित भारतीय राजदूतावास, सेलयोर्ड फोल्क स्कुल नर्वे, चेज्वी-ईटाली, कमिक-रिलिफ, आई.सि.डि.आई-नेदरल्यान्ड, किनवा/सलाई-बेल्जिएम, जी.आर.टि.-ईटाली, पिस बोट डिजास्टर रिलिफ भोलिन्टियर सेन्टर (पि.वि.भि.), एकप्याट लकजम्वर्ग, वि-वर्ल्ड ईटाली, एसमोर फाउन्डेसन, युनाइटेड वर्लड कलेज साउथ ईस्ट एसिया र विभिन्न देशका शुभचिन्तक व्यक्तिहरूको उदार सहयोग र ऐक्यबद्धताबाट सम्भव भएको हो ।

**अन्त्यमा,** सिविन-नेपालले समुदायस्तरमा पुर्नस्थापनाको प्रक्रियालाई सघाउनका लागि विभिन्न सिर्जनशील रणनिति अवलम्बन गरिरहेको छ । प्रभावित परिवार र बालबालिकाको सम्मानजनक जीवन फर्काउन र सो भन्दा पनि उन्नत बनाउनका लागि हामी स्थानीयस्तरका सरोकारवाला, समुदायका सदस्यहरू र बालबालिका स्वायमसंग सहकार्य र समन्वय गरिरहेका छौँ । हामी त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न चाहान्छौँ जसले सम'दायलाई जागृत र स्वावलम्बी बनाउनेछ । भूकम्प पछिको यस चरणमा बालबालिकाको मनोसामाजिक स्वास्थ्य र पालन-पोषण, शिक्षा लगायत अस्थायी बासस्थान निर्माणमा केन्द्रित रहेको छ । हामीलाई थाहा छ पुर्नस्थापनाको यो चरण सजिलो छैन तर पनि हामी निरन्तर लागि रहन दृढ संकल्पित छौं । पुर्नस्थापना र विकासका कार्यलाई सँगसँगै अगाडि बढाउनु अर्को चुनौतिपूर्ण काम हो ।

हामी प्रभावित जिल्लाका बालबालिका र परिवारलाई निरन्तर सेवा दिइरहने छौ र उनीहरूलाई भविष्यप्रति आशावादी रहन र विपदबाट सहज अवस्थामा फर्किने शक्ति आर्जन गर्न उत्साहित पारिरहनेछौं ।

**इमेलः** cwin@mos.com.np
**वेबसाइटः** www.cwin.org.no
www.forut.no

